नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
भैरहवा, रुपन्देही

फोन: ०७१-५७०९१७
०७१-५७०२०१
०७१-५८७००६
Email: pmamp.piu.rupandehi@gmail.com
Website: piurupandehi.pmamp.gov.np

पत्र संख्या :-
चलानी नं. :-

## कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

सूचना नं. ३४/२०८२/८३

दोस्रो पटक सूचना प्रकाशित मितिः २०८२/०९/३०

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, रुपन्देहीको चालु आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम तथा मिति २०८२/०९/२३ गतेको मूल्याङ्कन समितिको निर्णयानुसार तपसिल बमोजिमको **कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम** सञ्चालन गर्नु पर्ने भएकोले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत **कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२** बमोजिम योग्यता पुगेका इच्छुक कृषि उद्यमीहरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन भित्र अर्थात् (मिति २०८२/१०/१४ गते भित्र) यस कार्यक्रम कार्यान्वयन एकाइमा तपसिल अनुसारका कागजात सहित आवेदन प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ।

<u>तपसिल</u>

| क्र.स. | कार्यक्रम विवरण | इकाई | लक्ष्य संख्या | स्वीकृत बजेट (रु लाखमा) | अनुदान रकम तथा भुक्तानी प्रक्रिया | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम | संख्या | ३ | १२ | कार्य सम्पन्न प्रगतिका आधारमा अधिकतम चार लाख रुपैया वा कुल लागतको बढीमा पचास प्रतिशत रकम अनुदान स्वरुप उपलब्ध गराइने। | कार्यविधि बमोजिम प्रस्ताव मूल्याङ्कन समितिबाट प्राथमिकीकरण भएका क्षेत्रहरुमा कृषि उद्यमी वा १६ देखि ४० वर्ष उमेर समूहभित्रका युवा कृषक |

<u>निवेदन साथ संलग्न कागजातहरुः</u>

(१) कार्यक्रम सञ्चालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव।
(२) निवेदकको नागरिकता वा नेपाल सरकारबाट जारी गरिएको फोटोसहितको परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।
(३) कार्यक्रम सञ्चालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसँग कम्तीमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसँग सम्बन्धित संरचना निर्माणतर्फ कम्तीमा १० वर्षका लागि गरिएको सम्झौता पत्रको प्रतिलिपि)।
(४) उद्यम वा व्यवसाय दर्ता भएको भएमा सम्बन्धित कार्यक्रम कार्यान्वयन एकाइ मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, अघिल्लो आ.व.सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोवार सम्बन्धी अन्य कागजातहरु।
(५) स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि।
(६) कृषक समुह/कृषि सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित सहकारी संस्थाको सिफारिश पत्र, संस्थाको दर्ता र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि।

द्रष्टव्यः कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८२ (कार्यविधि संशोधन भएमा सोही कार्यविधि अनुसार) तथा कार्यविधिमा निर्दिष्ट गरिएका प्रस्तावना फारम र कार्यक्रम संचालन गर्न सकिने प्राथमिकीकरण गरिएको बाली/वस्तु तथा मूल्य श्रृंखलाको क्षेत्रहरुको विस्तृत विवरण यस कार्यालयको वेभसाइट तथा कार्यालयमा प्रत्यक्ष सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।

थप जानकारीको लागि परियोजनाको **Website: piurupandehi.pmamp.gov.np** फोन नं. ०७१५७०२०१, ०७१५७०९१७, ९८५७०१६९१७, ९८५७०१७३८१, ९८५७०४८०३२, ९८५७०११२४० मा सम्पर्क राख्नु हुन अनुरोध छ।

२०८२/९/३०
[stamp: ... पौडेल, वरिष्ठ कृषि अधिकृत]